Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

दर्ता नं. १००४/०६३/०६४, स्थायी लेखा नं.: ३०२७४४७३०
(कम्पनी ऐन २०६३ र बीमा ऐन २०७९ अन्तर्गत स्थापित)
प्रधान कार्यालय: थापाथली, काठमाण्डौ

## दुर्घटनाबाट मृत्यु भएमा "दुर्घटना मृत्यु लाभ" दिने बारेको पूरक करार

सटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (यसपछि कम्पनी भनिएको) ले प्राप्त गरेको बीमा प्रस्ताव फाराममा उल्लेख भए अनुसारको पेशा वा सो भन्दा कम वा सो सरहको जोखिमपूर्ण पेशामा बीमित कार्यरत भएमा वा बीमितको पेशा परिवर्तनलाई कम्पनीले स्वीकार गरी यस पूरक करारको सम्पुष्टिमा जनाएको र यस पूरक करार वापतको बीमाशुल्क कम्पनीलाई भुक्तानी भैसकेको तथा बीमा अवधि भित्र बीमितको उमेर ७० वर्ष पुरा हुनु भन्दा अगाडि यो पूरक करार लागू भएको अवस्थामा प्रत्यक्ष रुपले बाहिरी, देखिने, आकस्मिक र जोडदार दुर्घटनाबाट चोटपटक लागेर १८३ दिन भित्र बीमितको मृत्यु भएमा बीमालेख र यस पूरक करारको विशेष शर्त तथा सम्पुष्टि (Endorsement) को परिधि भित्र रही बीमालेखको अनुसूचीमा उल्लेखित भुक्तानी पाउने व्यक्ति/संस्थालाई यस पूरक करारमा उल्लेखित सुविधाहरु प्रदान गरिनेछ । बीमालेखमा संलग्न गरिएको यो पूरक करार बीमालेखको अभिन्न अङ्ग मानिने छ र मूल बीमालेखमा यसको क्रम संख्या उल्लेख गरी बीमालेखको सम्पुष्टि खण्डमा जनाइएमा मात्र यो पूरक करारको कानूनी मान्यता हुनेछ ।

**दुर्घटना**: यस करारमा दुर्घटना भन्नाले प्रत्यक्ष रुपले बाहिरी, देखिने तथा जोडदार माध्यमबाट आकस्मिक रुपमा भएको घटना सम्झनुपर्छ ।

**दुर्घटनाबाट मृत्यु भएमा दिइने सुविधा**: यस करारमा परिभाषित दुर्घटनाको कारणबाट बीमितको १८३ दिनभित्र मृत्यु भएमा यस करारको बीमाङ्क रकम दुर्घटना मृत्य लाभ वापत भुक्तानी दिइनेछ ।

### विशेष शर्तहरु

१. पूरक करार क्रियाशील हुने अवस्था:

यो पूरक करार बीमालेखको शर्तहरुको अधिनमा रहने छ तर बीमालेख व्यतित भई पुनर्जागरण नभएसम्म वा लाग्ने बीमाशुल्क भुक्तानी भई बीमालेख चालु नभएसम्म बीमालेखको पुनर्जागरणको शर्त अन्तर्गत यो पूरक करार पुन: लागू हुने छैन ।

२. स्वत: खारेजी:

देहायको अवस्थामा यो पूरक करार स्वत: रद्द भई सो पछि यस बारे कुनै कारवाही हुने छैन:

(क) बीमालेख वा पूरक करार अन्तर्गत तिर्नुपर्ने बीमाशुल्क नतिरेमा,

(ख) बीमालेख चालु नरही चुक्ता मूल्यमा बदलिएमा वा खारेज भएमा,

(ग) बीमालेखको वार्षिकोत्सवमा बीमितको उमेर ७० वर्ष पुगेमा ।

३. रद्द:

बीमित वा कम्पनीले लिखित सूचना जारी गरी बीमालेखको कुनै पनि वार्षिकोत्सव (बीमा शुरु भएको मिति) मा पूरक करार रद्द गर्न सकिनेछ । यसरी रद्द गर्दा सम्पुष्टि (Endorsement) को लागि पूरक करार कम्पनी समक्ष पेश गर्नुपर्नेछ ।

४. बीमाशुल्क:

यो पूरक करार रद्द वा खारेज भएमा यसको लागि लाग्ने थप बीमाशुल्क तिर्नु पर्दैन । यो पूरक करार रद्द वा खारेजीको बेलासम्ममा यस पूरक करार वापत कम्पनीले भुक्तानी प्राप्त गरेको बीमाशुल्क मध्ये यो पूरक करार खारेज भएको मितिले बांकी अवधिको समानुपातिक बीमाशुल्कको साथै पूरक करार रद्द भएपछि प्राप्त हुन आएको पूरक करार अन्तर्गतको थप बीमाशुल्क कम्पनीले फिर्ता दिनेछ । यसपछिको कुनै बीमाशुल्क भुक्तानी वा स्वीकार गरेमा यस्तो बीमाशुल्क फिर्ता गर्नु बाहेक कम्पनीको अरु कुनै दायित्व रहने छैन ।

५. सुरक्षण नहुने जोखिमहरु:

देहायको अवस्थामा बीमितको मृत्यु भएमा यो पूरक करार अर्न्तगत कम्पनीको कुनै दायित्व हुने छैन:

(क) प्रचलित कानून बमोजिम अनुमति प्राप्त हवाई सेवाप्रदायकद्वारा सञ्चालित हवाई सेवामा यात्रु भई उडान गर्दा बाहेक अन्य उडान गर्दा,

(ख) कानूनको वर्खिलाप हुने गरी कुनै घोषित वा अघोषित युद्ध, फौजदारी वा आतङ्कवादी गतिविधि, हडताल, हुलदंगा, नागरिक अशान्ति, हुलहुज्जत, विद्रोह वा आक्रमण जस्ता कार्यमा संलग्न भएमा,

(ग) ज्यान मार्ने कार्य, मुलुकी अपराध (संहिता) ऐन, २०७४ वा जंगी ऐन उल्लंघन गरेमा,

(घ) सद्दे वा मगज बिग्रेको अवस्थामा विषजन्य पेय पदार्थ वा औषधिजन्य पदार्थको सेवन वा अन्य कुनै पनि कारणबाट बीमा प्रारम्भ वा बीमा पुनर्जागरण भएकोमा पुनर्जागरण भएको मितिले दुई वर्षभित्र आत्महत्या वा जानी बुझी आफैले घात गरेमा,

(ङ) बीमा प्रारम्भ मिति भन्दा अगाडि देखि विद्यमान रहेको र बीमा प्रस्ताव गर्दाको वखतमा उल्लेख नगरेको रोगको कारणबाट वा पूर्व विद्यमान अवस्थाहरु, बीमालेख जारी भएपछि कुनै बीमितले बदनियतपूर्वक जोखिम सम्बन्धी सारभूत तथ्य लुकाएको वा झुट्टा विवरण दिएको पुष्टि भएमा

(च) कुनै पनि घोषित वा अघोषित युद्धरत मुलुकको स्थलसेना, जलसेना वा वायुसेनाको सदस्य भएमा,

(छ) कुनै पनि घोषित वा अघोषित युद्धरत मुलुकको स्थलसेना, जलसेना वा वायुसेनासंग काम गरिरहेको कुनै सहायक वा युद्धमा भाग लिने निजामती इकाईको सदस्य भएमा,

(ज) व्यवसायिक वा अर्ध-व्यवसायिक खेलकुद प्रतियोगिता वा प्रतिस्पर्धाहरु, दौडहरु, स्काई डाइभिङ, वाटर स्किईङ्ग, स्वासप्रस्वास सम्बन्धी उपकरणको सहायतामा पानीमुनि गरिने विभिन्न गतिविधि वा क्रियाकलाप, पट होल्डिङ्ग (Pot Holding), पवर्तारोहण (Mountaineering), प्याराग्लाइडिङ्ग (Paragliding), बन्जी जम्पिङ्ग (Bungee Jumping) प्यारासुटिङ्ग (Parachuting) जस्ता जोखिमपूर्ण खेलकुदहरुमा सहभागी भएमा र गैह्र कानुनी गतिविधिमा संलग्न भएमा,

(झ) कुनै रासायनिक/आयनकारी विकिरण (Ionizing Radiation), वा रेडियोएक्टिभिटि (Radioactivity) का कारण आणविक इन्धनबाट श्रृजित प्रदुषण वा आणविक विखण्डनको प्रक्रियाबाट श्रृजित आणविक फोहोर वा आणविक हातहतियार वा सामग्रीका कारण मृत्यु भएमा ।

६. पेशा परिवर्तन:

यदि बीमितले प्रस्ताव फारममा उल्लेख गरेको पेशा परिवर्तन गरेमा वा प्रस्ताव फारममा उल्लेख गरेको भन्दा अन्य थप जोखिमपूर्ण पेशामा संलग्न भएमा सो कुराको जानकारी कम्पनीलाई अविलम्ब दिनुपर्नेछ र सो को आधारमा यस पूरक करार अन्तर्गत लाग्ने बीमाशुल्क पुन: निर्धारण गरिनेछ वा यो पूरक करार रद्द गरिनेछ । साथै, प्रस्ताव फाराममा उल्लेख गरेको भन्दा अन्य थप जोखिमपूर्ण पेशा परिवर्तन सम्बन्धमा बीमकलाई जानकारी नगराएको अवस्थाको दायित्व बीमकले व्यहोर्ने छैन ।

७. दाबीको सूचना:

दुर्घटनाबाट मृत्यु भएको लिखित सूचना कम्पनीलाई दिनु पर्नेछ । दुर्घटनाबाट बीमितको मृत्यु भएको खण्डमा अनिवार्य रुपमा शव परीक्षण प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट) वा प्रहरी अनुसन्धान प्रतिवेदन (घटना स्थल प्रकृति जांच मुचुल्का) कम्पनी समक्ष पेश गर्नु पर्नेछ ।